# खप्तड छेडेदह गाउँपालिका
# गाउँपालिका अध्यक्षको सचिवालय

डोगडी, बाजुरा

सुदरपश्चिम प्रदेश, नेपाल

प.सं.-२०८१।८२

मितिः२०८१।१२।१३

ने.स. : ११४५ चिल्लागा, द्वादशी

जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा यस राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ८६८ मिति २०८१।०९।२८ गतेको प्राप्त पत्रानुसार मिति २०७९।०७।२२ गते डोटी केन्द्र विन्दु बनाई गएको भुकम्पबाट बाजुरा जिल्ला खप्तड छेडेदह गाउँपालिकामा राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राविधिक कर्मचारीहरु द्वारा Kobo Collect Application को प्रशिक्षण गराई गाउँपालिका तथा प्राधिकरणका कर्मचारी समेतको संयुक्त टोली तथा पालिकाका कर्मचारीहरु मार्फत गरिएको विस्तृत क्षति आकलन (Datail Damage Assessment) को प्राविधिक रिपोर्ट अनुसार यस गाउँपालिकामा पुन निर्माण वा पुनर्स्थापनाका लाभग्राहीहरु ४० र प्रबलिकरणका लाभग्राही ४३ जनाको सुचि राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट गाउँपलिकामा आएको तथा गाउँपालिकाका कतिपय प्रभावित व्यक्तिहरु उक्त सुचिमा समाबेश हुनु पर्नेमा समाबेश नभएको, विस्तृत क्षति आकलन सुचिमा गाउँपालिका अध्यक्षको परिवारको नाम रहेको तर उहाँले उक्त पुनर्स्थापनाको कार्य नगर्ने जानकारी दिनु भएको र हाल यसै सन्दर्भमा सामाजिक संजालमा विभिन्न व्यक्तिहरुले नराम्रो तथा आपत्तिजनक अभिव्यक्ति जनाएको हुँदा हाललाई पुन निर्माण तथा पुनर्स्थापनाका कार्यक्रमहरु स्थगन गरिएको जानकारी गराईन्छ ।

साथै भुकम्प बाट क्षति भएका घरहरुका लाभग्राहीहरुको नामावलि छनौटमा गाउँपालिकाको कुनै हात नरहेको तथा यो विशुद्ध Kobo Collect Application मार्फत राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट छनौट भएको तथा छनौट भई नाम आएका लाभग्राहिहरुको कार्यान्वयनको चरणमा लैजान गाउँपालिकाबाट अनुगमन तथा निरिक्षण गरि "विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुननिर्माण तथा पुर्स्थापना कार्यविधी, २०८१" बमोजिम रित पुर्वक कागजात पेश नभएका लाभग्राहीलाई पुनर्विचार गर्ने गरि कार्यान्वयन गर्ने जानकारी गराईन्छ ।

नन्द बहादुर रावत
नि. प्रमुख प्रशासकीय अधिकृत

दिल बहादुर रावत
गाउँपालिका अध्यक्ष